का.जि.प्र.का.द.नं. १००/०५९/६०

१० माघ २०७९,
मंगलबार
24 January 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३३९ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# कृष्णमोहनलाई प्रचण्डको सलामी



सशस्त्र प्रहरीबल नेपालको प्रधान कार्यालय हलचोकमा २२ औं सशस्त्र प्रहरी दिवसका अवसरमा सोमबार आयोजित कार्यक्रममा सहभागी हुनुहुँदै प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" । तस्बिर: प्रदीपराज वन्त/रासस

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ९ माघ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डकै शब्दमा 'राजनीतिमा स्थायी शत्रु र मित्र हुँदैनन् । सोमबार सशस्त्र प्रहरी बल नेपालको प्रधान कार्यालय हलचोकमा २२ औँ सशस्त्र प्रहरी दिवसका अवसरमा आयोजित कार्यक्रममा त्यस्तै एउटा दृश्य देखा पर्‍यो ।

प्रधानमन्त्री प्रचण्ड प्रमुख अतिथि थिए । कार्यक्रम आरम्भ भएलगत्तै दिवंगत सशस्त्र प्रहरीका कर्मचारीमाथि माल्यार्पण गर्ने कार्यक्रम राखिएको थियो । नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री प्रचण्डले पनि स्व. सशस्त्र प्रहरी महानिरीक्षक कृष्णमोहन श्रेष्ठको शालिक छेउमा गएर सलामी दिए ।

ललितपुरको बागडोलमा ०५९ माघ १२ गते 'मर्निङ वाक'मा हिँड्दै गर्दा श्रेष्ठसहित उनकी पत्नी एवं सशस्त्र प्रहरी – बाँकी पृष्ठ २ मा

# समाजवादी मोर्चाप्रति ओलीको चासो

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ माघ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको सचिवालयका अनुसार गत शनिवार ओली र जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवबीच पौने घण्टा बढी एक्ला एक्लै छलफल भयो । छलफलमा मुख्यत: जसपाको सरकारमा सहभागिता र समाजवादी मोर्चाको प्रयासका सन्दर्भमा छलफल भएको नेताहरु बताउँछन् । नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टीबीच समाजवादी मोर्चा बनाउने विषयमा छलफल चलिरहेको छ । यसप्रति एमालेका अध्यक्ष ओलीले चासो देखाएका हुन् । एमाले अध्यक्ष ओली निवास – बाँकी पृष्ठ २ मा

हार्दिक निमन्त्रणा
बधाई तथा सम्मान कार्यक्रम

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २९औं साधारण सभा अर्न्तगतको निर्वाचनबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरुको सफलताको उच्च कदर गर्दै देहाय बमोजिम बधाई तथा सम्मान कार्यक्रमको आयोजना गरिएकोले सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

मिति : २०७९/१०/११ गते
समय : अपरान्ह ३:०० बजे
स्थान : स्काई पार्टी प्यालेस सामाखुसी चोक, काठमाडौं

हरि बहादुर पाण्डे क्षेत्री – अध्यक्ष
तारानाथ अर्याल – महासचिव
तथा
नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति
सामाखुसी, काठमाडौं

वैदेशिक रोजगार विशेष

# संघको नयाँ कार्यसमितिद्वारा पदबहाली



**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ माघ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नयाँ कार्यसमितिले सोमबारदेखि औपचारिकरुपमा जिम्मेवारी सम्हालेको छ। संघको कार्यालय बत्तीसपुतलीमा सोमबार आयोजित पदबहाली कार्यक्रममा संघको तदर्थ कार्यसमिति संयोजक विमल ढकालले नवनिर्वाचित अध्यक्ष राजेन्द्र भण्डारीलाई संघको बैठक पुस्तिका 'माइन्युट' हस्तान्तरण गरी जिम्मेवारी हस्तान्तरण गरेका थिए ।

ढकालले जिम्मेवारी पूरा गर्दै संघको साधारण सभा हुन नसकेको अवस्थामा संघलाई छातासंस्था मान्ने घटक संस्थाहरुको साझा सहमति र लिखित आग्रहमा आफू संघको संयोजक भई कार्य गरी अनुकूल समयमा साधारण सभा र नयाँ कार्यसमितिको निर्वाचन गरेर जिम्मेवारी पूरा गरेको बताए ।

वैदेशिक रोजगार व्यवसायीले अघि बढाएका र पाइपलाइनमा रहेका समस्याको समाधानका लागि निवर्तमान कार्यसमितिको हैसियतमा नवनिर्वाचित कार्यसमितिलाई सहयोग गर्न आफू हरदम तयार रहेको उल्लेख गर्दै ढकालले नवनिर्वाचित कार्यसमितिलाई संघ सबै व्यवसायीको हो भन्ने भावना विकास गरेर अघि बढ्न सुझाव दिए ।

संघका नवनिर्वाचित अध्यक्ष भण्डारीले माघ ६ गते – बाँकी पृष्ठ २ मा

हार्दिक आभारसहित धन्यवाद र प्रतिबद्धता

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति :२०७९/१०/६ गते सम्पन्न भएको २९ औं वार्षिक साधारण सभामा उपस्थित भई वैदेशिक रोजगार व्यवसायको श्रीवृद्धि गरी व्यवसायीको मनोवल बढाउन मद्दत गर्नु भएकोमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्याल, सचिव एक नारायण अर्याल, वैदेशिक रोजगार विभागका महानिर्देशक, मन्त्रालयका सहसचिव, श्रम कार्यालय ताहाचलका प्रमुख, वैदशिक रोजगार बोर्डका कार्यकारी प्रमुख, उद्योग वाणिज्य महासंघका प्रतिनिधि लगायतका आमन्त्रित पाहुनाहरु र पत्रकारहरुलाई नवनिर्वाचित कार्यसमिति हार्दिक आभारसहित धन्यवाद ज्ञापन गर्दछ ।

अर्थतन्त्रको आधार स्तम्भको रुपमा रही देशको कुल ग्राहस्थ उत्पादनमा करिब ३३ प्रतिशत योगदान दिने, विश्वकै अर्थतन्त्रमा समस्या रहे पनि परिवर्त्य विदेशी मुद्रा आर्जन गरी शोधनान्तर घाटा कम गरेर अर्थतन्त्र चलायमान बनाउन योगदान दिने वैदेशिक रोजगार व्यवसायीहरुको वार्षिक साधारण सभामा सम्माननीय प्रधानमन्त्री, मन्त्री, सचिवज्यू र अन्य गन्यमान्य व्यक्तिहरुको उपस्थितिले यस व्यवसायको योगदानलाई सरकारले सम्मान गरेको महसुस गरेका छौं र भविष्यमा पारदर्शी र मर्यादितरुपले व्यवसाय सञ्चालन गरी यस व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन संघको नवनिर्वाचत कार्यसमिति सदैव प्रयत्नशील रहने विश्वाश दिलाउन चाहन्छौं ।

साधारण सभाले संघको आगामी कार्यकालका लागि कार्यसमितिको चयन गर्ने कार्यक्रम रहेकोमा निर्वाचनमा सहभागी हुनु भई हामीलाई निर्वाचित गर्नु भएकोमा हार्दिक आभार व्यक्त गर्दै निर्वाचनमा उत्साहप्रद सहभागिताका लागि सबै व्यवसायी मित्रहरुलाई धन्यवाद दिन चाहन्छौं ।

निर्वाचन लोकतन्त्रको सुन्दर पक्ष हो । लोकतन्त्रको यही अभ्यासलाई उपयोग गरी निर्वाचनमा प्रतिस्पर्धा गरेकामध्ये हामी विजयी भएकाले निर्वाचनमा प्रतिस्पर्धा गर्नु हुने मित्रहरु पारजित हुनु भएको होइन । निर्वाचनमा हार जित स्वभाविक प्रक्रिया भएकाले हामीले अन्य प्रतिस्पर्धीभन्दा केही बढी मत ल्याएकाले विजयी भएको हामीलाई थाहा छ । यो विजय समग्र रोजगार व्यवसाय र सबै व्यवसायीको विजय भएकाले हामी हाम्रा अग्रजहरुको ज्ञान, सीप र अनुभवबाट सिक्दै र तपाईंहरुको साथ सहयोग र सल्लाहमा काम गर्दै व्यवसाय र व्यवसायीको शिर उचो राखी वैदेशिक रोजगार व्यवसायको उन्नति र व्यवसायीको हितमा दत्त चित्त रहने प्रण गर्दछौं । हाम्रो प्रतिस्पर्धा निर्वाचन परिणामसँगै समाप्त भएकाले हामीलाई तपाईंहरुको साथ, सहयोग, सल्लाह, सुझाव प्राप्त भइरहने विश्वाश व्यक्त गर्दै नवनिर्वाचित कार्यसमतिले नियामक निकायहरुसँग समन्वय गरी वैदेशिक रोजगार व्यवसाय र व्यवसायीको हितमा निरन्तर कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

राजेन्द्र भण्डारी – अध्यक्ष
मेघनाथ भुर्तेल – महासचिव

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८

हार्दिक बधाई तथा शुभकामना



नेपाल बैदेशिक रोजगार ब्यवसायी संघको २०७९ माघ ०६ गते सम्पन्न २९ औं साधारणसभा पश्चात सम्पन्न निर्वाचनमा बिजयी अध्यक्ष राजेन्द्र भण्डारी, प्रथम उपाध्यक्ष डिक बहादुर खत्री (कुमार), द्वितीय उपाध्यक्ष सन्जु कुमार गुरुङ, तृतीय उपाध्यक्ष रोशन कटुवाल, महासचिव मेघनाथ भुर्तेल, सचिव कर्णराज कटुवाल, कोषाध्यक्ष सरिता घले तथा कार्यसमिति सदस्यहरु राजेन्द्र बस्नेत, बिक्रम श्रेष्ठ, देवमाया थापा, बैकुण्ठ प्रसाद पौडेल, कैलाश पाठक, देउमान नेम्वाङ (डिएम सुब्बा), आनन्द कोइराला, नारायण भुसाल, तोरण बहादुर कार्की र चन्द्र बहादर लिम्बूज्यूलाई हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं।

रामसली लामा (प्रतिक्षा)
संचालक
माउन्टेन ग्रुप टेक्निकल एण्ड ओरेन्टेसन ट्रेनिङ प्रा. लि.
तथा
माउन्टेन ग्रुप ईन्टरनेशनल प्रा. लि. परिवार

हार्दिक बधाई तथा शुभकामना



नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २०७९ माघ ०६ गते सम्पन्न २९ औं साधारणसभा अन्तर्गतको निर्वाचनमा विजयी अध्यक्ष राजेन्द्र भण्डारी, प्रथम उपाध्यक्ष डिकबहादुर खत्री (कुमार), द्वितीय उपाध्यक्ष सन्जु कुमार गुरुङ, तृतीय उपाध्यक्ष रोशन कटुवाल, महासचिव मेघनाथ भुर्तेल, सचिव कर्णराज कटुवाल, कोषाध्यक्ष सरिता घले तथा कार्यसमिति सदस्यहरु राजेन्द्र बस्नेत, बिक्रम श्रेष्ठ, देवमाया थापा, बैकुण्ठप्रसाद पौडेल, कैलाश पाठक, देउमान नेम्वाङ, आनन्द कोइराला, नारायण भुसाल, तोरणबहादुर कार्की र चन्द्र बहादुर लिम्बूज्यूलाई हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

हरिबहादुर पाण्डे क्षेत्री – अध्यक्ष
तारानाथ अर्याल – महासचिव
तथा
नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति
परिवार
सामाखुसी, काठमाडौं

VACANCY ANNOUCEMENT

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-

Business Development Manager : M/F
Profit sharing
Admin Manager : M/F
Bonus
Office Secretary : Female
Attractive Salary And Bonus

Please send Us your CV at Our Office Email.

PACIFIC HUMAN RESOURCES P.LTD.
Atma Gyaan Prachar Kendra NIC ASIA BANK,
Behind GCA college Gangabu Abasya Chhetra, Kathmandu.
फोन: ४९५८५१९ । ९८५१२४५६८३
Email: documents@pacifichumanresources.com, phrmarketingcvs@gmail.com
श्रम इजाजत नं. ६६७/०६३/०६४

VACANCY
ANNOUNCEMENT

A Reputed Manpower Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions.

| S.N. | POST | QTY | M/F | EDUCATION QUALIFICATION | EXPERIENCE | REMARKS |
|---|---|---|---|---|---|---|
| 1. | MANAGER | 1 | M/F | MASTER CLEAR | सम्बन्धित फिल्डमा दक्ष | |
| 2. | ACCOUNTANT | 1 | M/F | BACHELOR CLEAR | | |
| 3. | OFFICE SECRETARY | 2 | F | BACHELOR CLEAR | | |
| 4. | DOCUMENT CONTROLLER | 1 | M/F | INTER PASSED | | |
| 5. | PRO | 3 | M/F | SLC PASSED | | |
| 6. | RECEPTIONIST | 2 | F | INTER PASSED | | |
| 7. | OFFICE BOY | 1 | M | SLC PASSED | | With Light Driving License |

9868836397 | तलब तथा सेवा सुविधा आपसी समझदारीमा तय गरिने छ ।

कान्तिपुर मेनपावर सर्भिस प्रा. लि
सामाखुसी-३, काठमाडौं, फोन नं.: ०१-४९८८८६६, ४९८८८०८, ४९६४३३८, ४९९०७६३

मध्यान्ह
www.madhyanhadaily.com
१० माघ २०७९, मंगलबार
24 January 2023, Tuesday

# आलोचनाको प्रतिरोधमा बालेन

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १० माघ ।



काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले उपत्यकाका रहेका अनाधिकृत संरचना भत्काउन सुरु गरेपछि जनस्तरमा सकारात्मक चर्चा भयो । जनतामाझ परिचित रहेका मेयरले काठमाडौंमा थुप्रै सुधारका योजना बनाउने भन्दै नगरवासी निकै उत्साहित पनि भए । उनले काठमाडौंको मुटु मानिने काठमाडौं मल, न्युरोडको आरबी कम्पलेक्स अनि दरबारमार्ग अवैध संरचना भत्काएका थिए । त्यस्तै, काठमाडौंमा अव्यवस्थित पार्किङ, अवैध संरचना हटाएर काठमाडौंलाई व्यवस्थित गर्ने बालेनको योजनालाई धेरैले प्रशंसा समेत गरेका थिए ।

त्यतिमात्रै होईन, बालेनको अभियान पछ्याउँदै देशभरकै महानगर, उपमहानगर र नगरपालिकाले पनि अनाधिकृत संरचना भत्काउने अभियान नै सुरु गरे । तर, संरचना भत्काउने अनि त्यसको व्यवस्थापन गर्न नसक्दा बालेनको आलोचना भएको छ । चुनावको समयमा कलाकारको पनि ठूलो समर्थनले पपुलर मत पाएका बालेनले विनाश र ध्वंश बाहेकको काम नगरेको भन्दै कार्यक्रम प्रस्तोता एवं निर्देशक विशाल भण्डारीले सामाजिक सञ्जालमा आलोचना गरेका छन् । यतिसम्म कि बालेनले भण्डारीकै कमेन्टमा गएर 'रक्सी खाएर राती राती डिस्टर्ब गर्ने' भन्दै गैरजिम्मेवार रिप्लाई गरे र तिम्रो मेयरले के गरे भन्दै प्रश्न समेत गरेका थिए । पछिल्लो समय सुस्त र गैरजिम्मेवार बनेको भन्दै बालेनको आलोचना बढेको छ ।

त्यस्तै, जमिनभित्र लुकाएर राखेको टुकुचा खोला खोज्ने विषयले उनलाई चर्चाको 'क्लाइमेक्स'मा पुर्यायो । उनले टुकुचा खोला पनि भेटाए । सुरुमा उनले विभिन्न क्षेत्रमा टुकुचा खोलामाथि बनेका संरचनाहरू भत्काउने योजना अगाडि सारे र त्यसको सुरुवात उनले जय नेपाल हलबाट सुरु गरे । तर, सो काम पनि हालसम्म टुंगोमा पुगेको छैन । केही साताअघि थापाथलीस्थित बागमती नदी किनारामा रहेको सुकुम्वासी बस्ती हटाउने उनको प्रयास पनि विफल बन्यो । सुरुमा महानगर डोजर लिएर सुकुम्वासी बस्तीमा पसेपछि ठूलो विवाद भयो । सुकुम्बासीहरु हातमा तरबार, खुकुरी तथा विभिन्न हतियारहरु लिएर सडकमा निस्किए । महानगर प्रहरी र सुकुम्वासीको झडप पनि भयो भने दर्जनौं घाइते भए । विभिन्न निर्णय गरेर चर्चा कमाउने प्रयास गरिरहेका बालेन मिडियामा अर्न्तवार्ता दिन समेत भागिरहेका छन् । चुनावको समयमा धेरै चर्चा कमाएपनि पछिल्ला गतिविधिले भने उनको आलोचना बढ्न थालेको छ । तर कार्यशैली सच्याउनुको सट्टामा उनले आफूलाई गरेको आलोचनाको प्रतिरोधमा उत्रिन छाडेका छैनन् । जसले उनको चर्चामा गिरावट आउने विज्ञहरुले बताउन थालेका छन् ।

# कालिकोटका सामुदायिक विद्यालयमा भेन्डिङ्ग मेसिन

**मानबहादुर विश्वकर्मा/मध्यान्ह**
कालीकोट, ९ माघ




जिल्लाको शुभकालिका गाउँपालिकाभित्रका सात वटा माद्यामिक विद्यालयमा सेनेटरी प्याड भेन्डिङ्ग मेसिन जडान गरिएको छ । छात्राहरुलाई विद्यालयमा नियमित गराउने उद्देश्यका साथ छात्रा शैक्षिक सुधार योजना अन्तरर्गत भेन्डिङ्ग मेसिन जडान गरिएको हो । महिनावारी भएको समयमा विद्यालयमा नआउने, विद्यालयमा आएपनि लजाउने, महिनावारीको समयमा विद्यालय बढी छाड्ने समस्यालाई समाधान गर्नको लागि भेन्डिङ्ग मेसिन जडान गरिएको गाउँपालिकाले जनाएको छ ।

आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रमा महिला तथा किशोरीहरुको समस्या पहिचान गरेर मेसिन जडानको कार्यक्रमलाई विद्यालय स्तरमा लिएर कार्यान्वयन गर्नतर्फ लागेको गाउँपालिका उपाध्यक्ष धर्मकला शाहीले बताइन् । गाउँपालिकामा सामाजिक कुसंस्कारको रुपमा रहेको महिनावारी अहिलेसम्म पनि अन्त्य हुन नसकेकोमा दुखेसो व्यक्त गर्दै उनले आफ्नो पाँच वर्षे कार्यकालमा त्यस प्रकारका कुसंस्कार अन्त्यका लागि प्रयासरत रहने बताइन् ।

आइतबार शुभकालिका गाउँपालिका वडा नम्बर ३ मा रहेको जनज्योति माद्यामिक विद्यालयमा सेनेटरी प्याड भेन्डिङ्ग मेसिन जडान गर्न पुगेकी उपाध्यक्ष शाहीले कर्णाली तथा कालीकोटमा बढी भाग किशोरीहरुले विद्यालय बिचैमा छोड्नुको एक प्रमुख कारण पनि महिनावारी रहेको बताइन् । महिनावारीका बेलामा किताव छोए पाप लाग्छ, विद्यालय जानु हुँदैन भन्ने विषयलाई निमूल पार्नका लागि सभ्य समाजको पहिचान तथा सुरक्षित महिनावारीमा सम्बन्धित सरोकारवाला निकायले ध्यान दिनुपर्ने उनको भनाइ थियो ।

# एकैदिन ३ सय ३२ जना फरार प्रतिवादी पक्राउ



**एस.पी.गौरब/मध्यान्ह**
सर्लाही, ९ माघ

जिल्ला प्रहरी कार्यालय बाराले एकै दिन ३ सय ३२ जना फरार प्रतिवादी पक्राउ गरेको छ । जिल्ला अदालतले सजाय तोकेपछि फरार भएका उनीहरुलाई पक्राउ गरेर अदालत बुझाइएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रमुख प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिए । उनकाअनुसार अदालतको फैसलापछि फरार भएका प्रतिवादीहरुलाई जिल्लाका विभिन्न स्थानबाट पक्राउ गरी फैसला कार्यान्वयनका लागि अदालतमा बुझाइएको हो ।

अदालतबाट कैद तथा जरिबानाको फैसला भई कानूनी कारबाहीको दायराबाट भाग्दै लुकीछिपी बस्दै आएका उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

छ वर्ष पाँच महिना १० दिन कैद सजाय भएका कलैया उपमहानगरपालिका १ का विजय दास, बैंकिङ कसूर मुद्दामा सात लाख जरिबाना सजाय भएका पचरौता नगरपालिका २ का एजाजुल हक अंसारी, हातहतियार खरखजाना मुद्दामा दुई वर्ष ११ महिना छ दिन कैद सजाय भएका निजगढ नगरपालिका १ का बासु चौधरी लगायत ३ सय ३२ जनालाई एकै दिन पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक राजेश थापाले जानकारी दिए । उनका अनुसार पक्राउ परेकामध्ये ३६ जनालाई थुनुमा राख्न जिल्ला कारागार कार्यालय पर्सा पठाइएको र अन्य जरिबाना भुक्तान गरी मुक्त भएका छन् ।

फैसला कार्यान्वयन गरी समाजमा सुरक्षाको अनुभूति दिलाउन र अपराध गरिसकेपछि कोही पनि तोकिएको सजाय, जरिबाना भुक्तान नगरी लुकीछिपी बस्न नसक्ने हुदा प्रहरीले फैसला कार्यावन्यनलाई अभियानको रूपमा संचालन गरी रहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रमुख प्रहरी उपरीक्षक बोगटीले बताए ।

# जिल्ला अस्पताल हुम्लामा छैन सेवा सुविधा

**हुम्ला/मस**–जिल्ला अस्पताल हुम्लालाई सुविधा सम्पन्न अस्पताल भनेपनि अस्पतालमा पुगेपछि दुर्गम हुनुको महसुस भएको बिरामीहरुले गुनासो गरेका छन् । अस्पतालको इमरजेन्सी खुल्ला हुन्छ, तर इमरजेन्सीमा हुनपर्ने सेवा सुविधा रगत जाँच, एक्सरे गर्नु परेमा करिब तीनदेखि चार घण्टासम्म कुर्नुपर्ने बाध्यता रहेको छ ।

सिमकोट गाउँपालिका वडा ५ का राजेश रोकायाले जिल्ला अस्पतालमा रातिको समयमा इमरजेन्सी आउँदा रगत जाँच, एक्सरे गर्नु परेमा डाक्टरले भोलि दश बजे पछि मात्र हुन्छ भन्ने जवाफ दिने गरेको बताए ।

जिल्ला अस्पतालमा यस्तो देख्दा बिरामीले अकालमा ज्यान गुमाउनुपर्ने अवस्था आएको उनले बताए । अस्पतालमा करिब ६ जनाका डाक्टरको दरबन्दी छ तर दुई जना डाक्टर र अनमीको भरमा अस्पताल चलिरहेको छ । अस्पतालमा बिरामी बोक्ने स्टेचरसमेत नरहेको उनीहरुको भनाइ छ ।

स्टेचर समेत जिल्ला प्रहरी कार्यालयको भरमा रहेको खार्पुननथ गाउँपालिका वडा ४ का तिर्थ राज शाहीले बताए ।

उनले भने, 'आमाको जिल्ला अस्पतालबाट रिफर गरेर जिल्ला बाहिर लिनु भनेपछि बोक्ने स्टेचर खोज्दा छैन ।' जिल्ला प्रहरी कार्यालयमा पुगेर स्टेचर माग्नु भनेपछि तयहाँ गएर भरपाई गरेर स्टेचर ल्याउँदा दुःख लागेको उनले गुनासो गरे । चिसोको बेला बिरामीको संख्या बढ्ने हुम्लामा जिल्ला अस्पतालमा यस्तो देख्दा बिरामीले अकालमा ज्यान गुमाउनुपर्ने अवस्था आएको छ ।

## कृष्णमोहनलाई...

महिला संघकी संस्थापक अध्यक्ष नुडुप र श्रेष्ठका अंगरक्षक सशस्त्र प्रहरी नायब निरीक्षक सूर्यप्रसाद रेग्मीलाई माओवादी छापामारले गोली हानेर हत्या गरेका थिए । घटनाको दुई दिनपछि सरकार र विद्रोही पक्ष माओवादीबीच दोस्रोपटक युद्धविरामका लागि सहमति भएको थियो ।

३ फागुन २००३ मा संखुवासभाको चैनपुरमा जन्मिएका श्रेष्ठ ०२७ सालमा प्रहरी निरीक्षकबाट सेवामा प्रवेश गरेका थिए भने १९ माघ ०५७ मा सशस्त्र प्रहरीको महानिरीक्षक बनेका थिए । माओवादी द्वन्द्व चर्किंदै गएको अवस्थामा तत्कालीन दरबारले सेना परिचालनमा सहयोग नगरेपछि सेना र नेपाल प्रहरीबाट केही जनशक्ति ल्याएर ०५७ सालमा सशस्त्र प्रहरी बलको गठन भएको थियो । त्यसबेला बलको उदेश्य माओवादी द्वन्द्वलाई निस्तेज पार्नु थियो ।

अर्थात, फेरि पनि प्रधानमन्त्री प्रचण्डकै शब्द 'राजनीतिमा स्थायी शत्रु र मित्र हुँदैनन्' देखियो । प्रचण्डले प्रधानमन्त्रीको रुपमा निभाउनुपर्ने भूमिका निभाए । कृष्णमोहनलाई सलामी दिए ।

## समाजवादी...

बालकोटमा शनिवार भएको कुराकानीका विषयमा आइतबार जसपा यादवले केही नेताहरूलाई जानकारी गराएका थिए । भेटमा एमाले अध्यक्ष ओलीले जसपा आफैंले सरकारमा सहभागी हुने वातावरण बिगारेको आरोप लगाएका छन् ।

माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादीसँगको एकता वार्ताकै कारण जसपालाई सरकारमा सहभागी गराउन नसकिएको जवाफ ओलीले यादवलाई दिएको उनको ब्रिफिङ सुनेका नेता बताउँछन् । प्रचण्डले एकीकृत समाजवादीलाई पनि सरकारमा सँगै लिएर जान चाहेको भए पनि ओलीले त्यसमा आपत्ति जनाएपछि प्रचण्ड पछि सरेका थिए । ओलीको आपत्तिका कारण सरकार निर्माणको क्रममा प्रचण्ड माधव नेपाललाई छाडेर एक्लै बालकोट पुगेका थिए । एमाले, माओवादी केन्द्र, रास्वपा र राप्रपाबीच मिलेर सरकार बनाउने सहमति त्यहीँ बनेको थियो ।

शनिबार बालकोटस्थित ओली निवासमा दुई नेताबीच छलफल भएकै दिन एकीकृत समाजवादीको कार्यदलको बैठक पनि बसेको थियो । त्यस बैठकले एक-अर्काको दस्तावेज आदान-प्रदान गरेको छ । अर्थात, दुई पार्टीको वार्ता टोलीका सदस्यबीच एक-अर्काको दस्तावेज आदान-प्रदान भएकोप्रति ओलीको चासो छ । यथास्थितिमा जसपा सरकारमा सहभागी नहुने भएपछि एकीकृत समाजवादी र जसपाबीचको एकता वार्ता अघि बढेको छ । यही बेला माओवादी केन्द्रका तर्फबाट समाजवादी मोर्चाको विषय अगाडि बढाइएको छ ।

## संघको ...

भएको संघको नयाँ कार्यसमितिको निर्वाचनमा व्यवसायीले उत्साहजनकरुपमा गरेको मतदानले आफूहरुलाई उत्साहित बनाएको भन्दै नवनिर्वाचित आफ्नो नेतृत्वको कार्यसमितिसामु चुनौतीका पहाड र अवसरका व्यापक सम्भावना रहेको बताए । उनले सबैको सुझाव लिएर आफूहरु अघि बढ्ने बताए ।

अनधिकृत युट्युबर र अन्य नाममा व्यवसायीमाथि भएको दैनिक आक्रमण गम्भीर रुपमा नियालिरहेको भन्दै नवनिर्वाचित अध्यक्ष भण्डारीले व्यवसाय र व्यवसायीका समस्या दुई वर्गमा विभाजन गरेर समाधानको पहल गर्ने उल्लेख गरे । उनले भने, 'वैदेशिक रोजगार ऐन र नियमावली परिवर्तन, सेवा शुल्क परिमार्जनको विषय र सुरक्षाका अन्य विषयलाई तत्काल समाधान गर्ने वर्गमा राखेर काम गर्ने छौं । पारदर्शी कार्यशैली र संघ कार्यालयलाई व्यवस्थित गरी सम्पूर्णरुपमा व्यवसायीको हितमा केन्द्रित हुनेछौं, प्रतिस्पर्धा मतदानसँगै सकिएको छ ।'

संघको निर्वाचनमा अध्यक्ष भण्डारीका निकटतम प्रतिस्पर्धी रहेका भुवनसिंह गुरुङले चुनावी प्रतिस्पर्धापछि कार्यसमिति व्यवसायीका समस्या समाधानको साझा थलो भएकाले नवनिर्वाचित कार्यसमितिलाई आफ्नो पूर्णरुपले सहयोग रहने भन्दै संघले अविभावकत्व लिएर काम गर्नुपर्ने सुझाव दिए ।

पदबहालीपछि संघको कार्यालयमा नवनिर्वाचित कार्यसमितिको पहिलो बैठक अध्यक्ष भण्डारीको अध्यक्षतामा बसेको छ । पहिलो बैठकले साधारण सभामा उत्साहजनकरुपमा उपस्थित भई मतदान गर्ने व्यवसायीलगायत सबैलाई धन्यवाद दिने निर्णय गरेको महासचिव मेघनाथ भुर्तेलले मध्यान्हलाई जानकारी दिए ।

नवनिर्वाचित कार्यसमितिको पदबहाली कार्यक्रममा निवर्तमान कार्यसमिति सहसंयोजक प्रेमबहादुर कटुवाल, सदस्यसचिव प्रज्ञान न्यौपाने, संघका पूर्वमहासचिव नरेश गेलाल, मञ्चका संस्थापक तथा पूर्वमहासचिव सरोजकुमार पोखरेल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष कुमुद खनाल, वैदेशिक रोजगार व्यवसायी तमुधी समाजका अध्यक्ष तीर्थबहादुर गुरुङ, वैदेशिक रोजगार व्यवसायी नेवाः समाजका अध्यक्ष किशन प्रधान, वरिष्ठ अधिवक्ता शम्भु निरौला र अधिवक्ता देवराज कटुवाल र अन्य वैदेशिक रोजगार व्यवसायीहरुको उपस्थिति रहेको थियो ।

UAE मा रोजगार | कम्पनी : NESTO MANAGEMENT OFFICE

पूर्व स्वीकृत मितिः २०७९/०७/१७ चलानी नं.: ६०१९०५४४ L.T. No.: 274937 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall And Market Saleperson | 250 | 285 | स. काममा दक्ष | 1200 | ४२,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १७ गते (31 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२
९८५१०४१८११, ९८२३३०१०३५, ९८५६०३५५६०, ९८२४११४९०७

कतारमा रोजगार | कम्पनीः AL ASMAKH FACILITIES MANAGEMENT CO
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/१२/२० चलानी नं.: ६०१७७१३२ LT. No.: 260944 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 30 | 17 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer | 39 | 0 | | 1000 | ३५,९६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १७ गते (31 Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Target H.R. Solution Pvt. Ltd.
इजाजत पत्र नं. १३९७/०७४/०७५
Sinamangal-09, Kathmandu, Tel : 01-4116605 | P.O. Box: 3040
E-mail: targethrs2018@gmail.com | Web: Www.targethrs.com

**Triyuga Municipality**
**Office of the Municipal Executive**
**Gaighat, Udayapur**
**Province No.1, Nepal**

**Invitation for Online Bids**

**First Date of Publication: 24 January 2023**

Triyuga Municipality, Office of the Municipal Executive, Gaighat, Udayapur, Province No.1 invites bids from eligible bidders for following works:

| S.N. | Contract Identification Number | Description of work | Bid Validity Period | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Bidding Process |
|---|---|---|---|---|---|---|
| 1 | TM-UDA-NCB-WORKS-20/2079-080 | Construction of 8 meter (multi-span) R.C.C. Box Culvert, Tri.Na.Pa.-8, Udayapur | 90 days | 64,000.00 | 3000 | NCB |
| 2 | TM-UDA-NCB-WORKS-22/2079-080 | Construction of Covered Hall, Tri.Na.Pa.-8, Udayapur | 90 days | 1,84,000.00 | 3000 | NCB |
| 3 | TM-UDA-NCB-WORKS-23/2079-080 | Construction of 12 meter (multispan) Slab Culvert, Tri.Na.Pa.-7, Udayapur | 90 days | 82,500.00 | 3000 | NCB |

1. Purchase, Submission and Opening of Bid:

| Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|
| Date | Time | Date | Time |
| 23 Feb. 2023 (2079/11/11) | 12:00 Hours | 23 Feb. 2023 (2079/11/11) | 13:00 Hours |

2. Bank Account Details:

| Account Name | Bank Name | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| Triyuga Municipality Gaighat, Udayapur | Rastriya Banijya Bank Ltd. | Gaighat, Udayapur | GA-1-1 2090100301010004 | Aantarik Rajaswa Khata |
| | | | GA-3 2090100303000004 | Dharauti Khata |

3. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered a last day. In such case validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Triyuga Municipality, Office of the Municipal Executive, Gaighat, Udayapur reserves the right to accept or reject, fully or partly any or all the Procurement of Works without as signing any reason, whatsoever. Other procurement process is remains as per rules of PPA and PPR

**Chief Administration Officer**

## आत्महत्याको डरलाग्दो तथ्यांक

# तीन वर्षमा २० हजार बढीले गरे आत्महत्या

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ९ माघ



नेपालमा पछिल्लो समय आत्महत्याको घटनाहरु बढ्दै गएको पाइएको छ। केहि दिन अघि मात्र खोटाङमा किशोरीलाई आत्महत्या दुरुत्साहन गरेको अभियोगमा एक युवा पक्राउ परे । आत्महत्या दुरुत्साहन गरेको कसुरमा रावाबेँसी गाउँपालिका-५ दुबेकोलका २५ वर्षीय अनन्त विकलाई प्रहरीले पक्राउ गरेको हो।

हलेसी तुवाचुङ नगरपालिका-७ महादेवस्थान काभ्रेकी १७ वर्षीया छात्रा रञ्जिता दाहाल विद्यालयबाट घर फर्कनेक्रममा मृत फेला परेको विषयमा प्रारम्भिक अनुसन्धानका क्रममा आत्महत्या दुरुत्साहन गरेको खुलेको थियो ।

विकलाई नियन्त्रणमा लिएर ज्यान सम्बन्धी कसुर अन्तर्गत अदालतबाट म्याद थपको अनुमति लिएर सुक्ष्म अनुसन्धान शुरु गरिएको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको छ ।

प्रहरीका अनुसार अभियुक्तले बालिकालाई लखेट्ने, समात्न खोज्ने लगायतका क्रियाकलाप गरेको खुलेको छ । माघ १ गते दिउँसो विद्यालयबाट घर फर्कनेक्रममा सम्पर्कविहीन बनेकी बालिकाको शव माघ २ गते घर नजिकै खन्युको फेदमा पासो चुँडिएर खसेको जस्तो अवस्थामा फेला परेको थियो । बालिका महेन्द्रोद्धय मावी हलेसीमा कक्षा १० मा अध्ययनरत थिइन् । माघ ३ गतेदेखि विद्यालयमा आयोजना गरिएको नगर स्तरीय भलिबल, फुटबल र नृत्य प्रतियोगिताको तयारीका लागि रञ्जिता गाउँकै साथीसँग विद्यालय पुगेकी थिइन्।

प्रतियोगिताको तयारी सकेपछि उनी साथीसँगै दिउँसो साढे तीन बजेतिर घर फर्केकी थिइन्। बाटैमा पर्ने साथीको घरमा रोटी खान आग्रह गर्दा हतार छ भन्दै रोटी बोकेर हिँडेकी बालिका घरभन्दा करिब दुई सय मिटर टाढा मृत फेला परेको आफन्तले बताएका छन्। ओठ, आँखा, घाँटीमा चोट देखिएकाले घटनालाई शंकास्पद मानिएको महादेवस्थानका वडाध्यक्ष कमल गिरीले बताए।

गत साउन ८ गते राति भरतपुर १० रमाइलोचोकमा श्रीमतीको हत्यापछि श्रीमानले आत्महत्या गरे। ३५ वर्षकी रुस्मा घिमिरे आचार्यको घाँटी रेटेर हत्या गरेपछि उनका श्रीमान् कृष्णप्रसाद आचार्यले आत्महत्या गरेका थिए।

चितवन प्रहरीका अनुसार राति १० बजे घरमा बसिरहेकी श्रीमतीलाई धारिलो हतियार प्रहार गरी हत्या गरेपछि तीन तलाबाट हामफालेर श्रीमान् कृष्णप्रसादले आत्महत्या गरेका थिए। लामो समय विदेश बसेर कृष्णप्रसाद स्वदेश फर्किएका थिए। यस घटनालाई लिएर चितवन प्रहरीले लामो अनुसन्धान गरेपछि 'पारिवारिक बेमेल'का कारण नै हत्यापछि आत्महत्या भएको ठहर गरेको थियो।

यि त केहि प्रतिनिधि घटनाहरु मात्र हुन्। तर पछिल्लो समय नेपालमा आत्महत्याको रेसियो भने बढेको देखिन्छ। नेपाल प्रहरीको तथ्यांक अनुसार नेपालमा औषतमा वर्षेनि ६ हजार भन्दा बढी र दैनिक १८ जनाले आत्महत्या गर्ने गरेका छन्। विश्वमा आत्महत्या कुल मृत्युको पन्ध्रौँ प्रमुख कारण, १५-१९ वर्ष उमेर समूहमा मृत्युको चौथो प्रमुख कारण र महिलाहरूमा तेस्रो प्रमुख कारणको रुपमा रहेको छ। आत्महत्याको जोखिम बढी भएका विश्वका मुलुकहरुमध्ये नेपाल सातौं स्थानमा रहेको छ। आत्महत्या विश्वव्यापी समाजिक समस्या भएता पनि ७८ प्रतिशत आत्महत्याका घटनाहरु विकासोन्मुख देशहरुमा हुने गरेको तथ्यांक छ।

विश्वमा आत्महत्याका माध्यमहरुमध्ये विष सेवन, झुण्डिएर तथा शरीरमा आगो लगाएर गर्ने आत्महत्या प्रमुख रहेको विश्व स्वास्थ्य संगठन(डब्ल्युएचओ)को तथ्यांकमा उल्लेख छ। नेपाल प्रहरीको तथ्यांक अनुसार नेपालमा कुल आत्महत्यामध्ये ८३ प्रतिशतले झुण्डिएर,१५ प्रतिशतले विष सेबन गरेर र २ प्रतिशतले हाम फालेर, पानिमा डुबेर, औजार तथा हातहतियार प्रयोग गरेर, आगो लगाएर, करेन्ट लगाएर वा अन्य तरिकाबाट आत्महत्या गरेको पाइएको छ।

नेपाल प्रहरीको तथ्यांक अनुसार नेपालमा विगत तीन वर्षमा मात्रै २० हजार २२३ जनाले आत्महत्या गरेका छन्। नेपालले दिगो विकास लक्ष्यमा सन २०३० सम्म आत्महत्याको दरलाई ४.७ प्रति लाखमा झार्ने प्रतिबद्धता गरेको छ। तर आर्थिक वर्ष २०७८/७९ को तथ्यांकको आधारमा हाल नेपालमा आत्महत्याको मृत्यु दर २३.३ प्रति लाख रहेको छ।

विगत तीन वर्षको तथ्यांक हेर्दा काठमाडौं उपत्यकामा हुने आत्महत्या दरमा कुनै उल्लेखनीय परिवर्तन आएको देखिदैन। आ.व २०७६/७७ देखि आ.व २०७८/७९ सम्म स्थिर जस्तै देखिन्छ। समग्र कर्णाली प्रदेश भन्दा काठमाडौं उपत्यकामा आत्महत्या दर लगभग दुई गुणाले बढी छ।

मनोविद् गोपाल ढकाल नेपालमा आत्म हत्या गर्नुको प्रमुख कारण आवेग र उत्तेजना रहेको बताउँछन्। असमझदारी, शंका, पारिवारिक कलहका कारण हत्यापछि आत्महत्याको घटना बढेको उनको भनाइ छ।

# कर्णाली प्रदेशमा सात मन्त्रालय कायम




**कर्णाली/मस–** कर्णाली प्रदेश सरकारले सात मन्त्रालय कायम गरेको छ। यसअघि जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय थपेर आठ मन्त्रालय बनाइएकोमा मुख्यमन्त्री राजकुमार शर्मा नेतृत्वको सरकारले सोमबार जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयलाई भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयमा समायोजन गरेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेशले आन्तरिक मामिला तथा कानुन मन्त्रालयमार्फत कर्णाली प्रदेश राजपत्रमा मन्त्रालय समायोजन गरिएको सूचना प्रकाशन गरेको छ। कर्णाली प्रदेश सरकारले प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ७ ले दिएको अधिकार प्रयोग गरी सो नियमावलीको अनुसूची १ र २ अनुसार मन्त्रालय हेरफेर गरेको कानुन मन्त्रालयका प्रवक्ता निधिराज न्यौपानेले जानकारी दिए।

प्रवक्ता निधिका अनुसार प्रदेश राजपत्र, भाग २ को अनुसूची १ को नियम ३ सँग सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार, ऊर्जा तथा जलस्रोत मन्त्रालय र सामाजिक विकास मन्त्रालय हुनेछन्।

# अब पटके विज्ञापन गर्नु नपर्ने



**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघ कार्यसमितिका निवर्तमान संयोजक विमल ढकालले आफ्नो कार्यकालमा वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा रहेको समस्या समाधान भएको जानकारी दिएका छन्।

नवनिर्वाचित कार्यसमितिको पदवहाली कार्यक्रममा निवर्तमान संयोजक ढकालले अब वैदेशिक रोजगार व्यवसायीहरुले पूर्व स्वीकृतिपछि एक पटक राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन प्रकाशित गरेपछि पटक-पटक विज्ञापन गर्न नपर्ने गरी वैदेशिक रोजगार विभागबाट निर्णय भएको जानकारी दिए। उनले भने, 'त्यसको जानकारी इमेलमार्फत संघमा आउँदैछ, संघमा सूचना प्राप्त भएपछि सबै व्यवसायीलाई जानकारी हुनेछ।' त्यसैगरी निवर्तमान संयोजक ढकालले व्यवसायी भलाइ कोष कार्यविधि निर्देशिका पनि कार्यान्वयनको अन्तिम चरणमा पुगेको जानकारी दिँदै हाल कार्यविधि अर्थ मन्त्रालयमा रायका लागि पुगेको र अर्थ मन्त्रालयबाट राय आउनासाथ कार्यान्वयनमा आउने बताए।

# घाम तापेरै ७ महिनाको तलब !

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ९ माघ




जिल्ला समन्वय समिति जाजरकोटका जनप्रतिनिधिहरुले घाम तापेरै महिनामा ४०/५० हजार रुपैयाँ पाउने गरेका छन्।

संघीयता लागू भएपछि जिसस जाजरकोट जनप्रतिनिधि मात्र नभई अन्य ७६ जिल्लाका जनप्रतिनिधिले पनि कार्यालयको परिसरमा घाम तापेर मात्रै महिनाको ४०/५० हजार रुपैयाँ तलब पाउने गरेका छन्। संघीयता भन्दा अगाडि जिल्ला विकास समिति थियो। जब संघीयता शुरु भयो, त्यसपछि जिविसलाई परिवर्तन गरी जिसस बनाइयो। जिसस भइसकेपछि जिससको अधिकार स्थानीय तहले पाएको हुँदा आफहरु बेकामे बनेको उनीहरुको गुनासो छ।

संघीयता शुरु हुनु भन्दा पहिले जिविसका जनप्रतिनिधि खाजा खाने समय पाउँदैनथे। अहिले जिल्ला समन्वय समिति जाजरकोट भूमिका विहीन बनेपछि समन्वय समितिमा निर्वाचित जनप्रतिनिधि बेकामे बनेका हुन्। कार्यालयमा आएर घाम तापेर बस्नु बाहेक अरु कुनै पनि काम नभएको उनीहरूको गुनासो छ। काम नै नहुने भएपछि अधिकांश जनप्रतिनिधिहरू महिनाको तलब थाप्ने बेला र बैठक भएको समयमा मात्रै समन्वय समितिमा उपस्थिति हुने गर्दछन्।

केही कार्यालय आउनेहरू पनि काम नहुँदा दिनभर कार्यालय परिसरमा घाम ताप्दै सुन्तला, बदाम खाने र क्यान्टिनमा चिया पिउँदै गफ गर्ने गर्दछन्।

नियमित कार्यालयमा आउने कर्मचारी र जनप्रनिधिलाई काम नहुँदा असहज महसुस हुने गरेको उनीहरूको भनाई छ। जिससका पदाधिकारीको बैठक महिनामा उक पटक बस्ने गर्दछ। एउटा बैठकमा सहभागि भएबापत उनीहरुले एक हजार २ सय ५० रुपैयाँ भत्ता पाउने गर्दछन्। उनीहरुको हाल बैठकमा सहभागी हुने बाहेक अरु कुनै पनि काम नभएको जिल्ला समन्वय समिति जाजरकोटका उपप्रमुख दल बहादुर सिंहले जानकारी दिए। उनका अनुसार धेरैजसो समय घाम ताप्ने र गफ गरेरै बितेको छ। प्रदेश सरकारले आफुहरुलाई सौतेनी आमाको जस्तै व्यवहार गरेको उनले गुनासो गरे। उनले भने 'घाम तापेर तलब-भत्ता बुझ्ने मात्रै काम भइरहेको छ। केही काम छैन, हामी भूमिकाविहीन भएका छौँ। यस्तो बेकामको पद सिर्जना गर्नुभन्दा संविधान संशोधन गरी जिसस नै भंग गरिदिए हुन्छ' उनले पुनः थपे 'हामी कार्यालयमा नियमित जान्छौं, तर सेवाग्राही नै कोही आउँदैनन्। हाम्रो अधिकार स्थानीय तहले खोसेको छ।'

यस्तै जिसस जाजरकोटका प्रमुख काली बहादुर खत्रीले पनि संघीयता शुरु भएपछि जिससको काम स्थानीय तहले गर्ने र कुनै पनि सेवाग्राहीहरु कार्यालयमा कामको लागि नआउने हुँदा कर्मचारी तथा जनप्रतिनिधिहरु घाम ताप्दै तलब पाउने गरेको बताए। उनले पनि प्रदेशले आवश्यक ऐन-कानून नबनाउँदा आफुहरुले पाइरहेको बिना कामको तलब भत्ता आफूलाई सन्तुष्ट नभएको जानकारी दिए।

उनले भने 'कार्यालयमा प्रमुखको त अरु पनि काम हुन्छ, तर अरु कर्मचारी तथा जनप्रतिनिधिको भने आउने कार्यालय परिसरमा घाम तापेर गफ गर्ने जाने मात्रै काम छ। यस्तो गर्नु भन्दा राज्यले कि व्यवस्थित नियम बनाएर जिससलाई प्रभावकारी बनाउनु पर्‍यो, कि त जिससलाई नै खारेज गर्नुपर्‍यो।'

जाजरकोटका सात वटै स्थानीय तहमा भएका विकास निर्माण लगायतका काममा निरन्तर अनुगमन गरे पनि आफुहरुले गरेको अनुगमनको कुनै पनि महत्व नभएको उनको भनाई छ। जिससका प्रतिनिधिलाई विकास निर्माण लगायत कामको अनुगमन गर्ने अधिकार भए पनि प्रदेश सरकारले आवश्यक कानून निर्माण गर्न नसक्दा गरेको अनुगमनको कुनै पनि महत्व नभएको जानकारी दिए।

### काम बिना ७ महिनाको तलब

जिसस जाजरकोटमा प्रमुख, उपप्रमुख, सव इन्जिनियर, जिसस अधिकारी सदस्य र कार्यालय सहयोगी गरी जम्मा हाल ९ जना कर्मचारी तथा जनप्रतिनिधि रहेका छन्। जसमा कार्यालयमा कुनै पनि सेवाग्राही नआएको हुँदा ७ महिनासम्म कामै नगरी तलब तथा भत्ता पाएका छन्। जिसस प्रमुखको तलब ४१ हजार, उपप्रमुखको ४७ हजार र अन्य सदस्यहरुको १२ हजार ताकिएको छ। तलब बाहेक उनीहरुले एउटा बैठकमा उपस्थित भएको मात्रै १२ सय ५० रुपैयाँ अलगै लिने गरेको छन्। प्रदेश सरकारले आवश्यक ऐन-कानुन नबनाउँदा र सेवाग्राहीहरु कामका लागि कार्यालयमा नआउँदा आफुहरुले विना कामको तलब पाएको उनीहरुले बताएका छन्। जिससका पदाधिकारीलाई स्थानीय, प्रदेश तथा संघले जिल्लामा गरेका विकास निर्माणका कामको अनुगमन गर्ने जिम्मेवारी दिइएको छ। तर, कर्णाली प्रदेश सरकारले अहिलेसम्म त्यससम्बन्धी ऐन नबनाउँदा संघीयतादेखि नै जिसस पदाधिकारी कामविहीन भएका हुन्।

### मोटरसाइकल मर्मतका लागि खर्च नदिएको गुनासो

जिससका उपप्रमुख सिंहले प्रदेश सरकारले आफ्नो मोटरसाइकल मर्मतमा लाग्ने रकम नदिएको गुनासो गरे। उनले आफ्नो मोटरसाइकल बिग्रेको एक वर्ष पुगिसक्दा पनि प्रदेश सरकारले मोटर साईकलमा लागि मर्मत खर्च नदिएको जानकारी दिए। उनले भने 'मेरा मोटरसाइकल हजार पटक बिग्रिसक्यो। मैले आफ्नै पैसाले कति पटक बनाए। तर प्रदेश सरकारले मर्मत खर्च भनी अहिले सम्म एक रुपैयाँ पनि दिएको छैन।' जिससका प्रमुख खत्रीलाई नै राज्यले गाडी दिएको छ।

# अगनी पीडितलाई राहत



**कमल खड्का/मध्यान्ह**
रोल्पा, ९ माघ

रोल्पामा आइतबार बिहान एक घरमा आगलागी भएको छ। आगलागीबाट करिब ३ लाख २५ हजार बराबरको क्षति भएको धौलावाङ प्रहरी चौकीका असइ अमर थापाले जानकारी दिएका छन्। रुन्टीगढी गाउँपालिका वडा नं.५ धौलावाङको स्याला भन्ने ठाउँमा बिहान करिब ११ बजे आगलागी भएको हो। आगलागीबाट घर पूर्ण रुपमा जलेर नष्ट भएको छ भने मानवीय क्षति भने भएको छैन। आगोले स्थानीय केशर बहादुर पुनको छोरी ज्वाई बस्दै आएको घर जलेर नष्ट भएको हो। आगलागी कसरी भएको हो भन्ने खुल्न सकेको छैन तर प्रारम्भिक अनुसन्धानका क्रममा विद्युत सर्ट भएर आगलागी भएको हुन सक्ने अनुमान गरिएको छ।

आगलागीबाट क्षतिपछि रुन्टीगढी गाउँपालिका, रेडक्रस सोसाइटी उपशाखा होलेरी र गोल टु परियोजनाद्वारा अग्नी पीडित परिवारलाई खाद्यान्न तथा लत्ताकपडा राहत स्वरुप उपलब्ध गराएको छ। जलेर नष्ट भएको घरमा ४ जना परिवार बस्दै आएका थिए।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७९/१०/१०**

यस कार्यालयमा मिति २०७४/०७/१५ मा दर्ता भएको **प्रा.लि. नं. १७७३३४** को **मुयम निर्माण सेवा प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/०५/०५ मा दर्ता कायम भएको **सिड्स टेक्निकल सर्भिसेस प्रा.लि. (दर्ता.नं.४८०१७)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/१०/०९ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**बहराइनमा रोजगारको अवसर**
१. कम्पनी :JUST PERFECT
शहर : Bahrain

पूर्व स्वीकृत मितिः २०२२/१२/१५ | चलानी नं.: ६०१९३६०१ | L.T. No.: 277844 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | BD | ने. रू. | | | | | | | |
| 1. | cleaner | 2 | 1 | सम्बन्धित काममा दक्ष | 130 | ४४,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | waiter | 1 | 2 | | 140 | ४८,०९० | | | | | | | |
| 3. | Chef | 2 | 0 | | 180 | ६१,८३० | | | | | | | |
| 4. | Cashier | 0 | 3 | | 150 | ५१,५२५ | | | | | | | |

**साउदीमा रोजगार**
२. कम्पनी :GHAZI YAHYA AL HARBI RESTAURANT FOR SERVING MEALS
शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०२३/०१/२२ | चलानी नं.:६०१९५५१० | L.T. No.:279761

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Kitchen Utensil Cleaner | 2 | 0 | स. काममा दक्ष | 1300 | ४४,८२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १७ गते (31 January 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. १०७७/०७३/०७४
**Mac International Manpower Pvt. Ltd.**
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal
Tel-: +977-01-4589970, 01-4589920
Email: macintlmanpower@gmail.com Website : www.macintlmanpower.com
Mobile No.: 9802344690, 9802344692, 9802344693

**कतारमा रोजगार**
कम्पनीः QATAR OXYGEN COMPANY WLL.
शहरः Qatar, DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/१७ | चलानी नं.: ६०१६९४७१ | LT. No.: 252839 | पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रु. | | | | | | | |
| 1. | Technician | 8 | 0 | स. काममा दक्ष | 1500 | ५३,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १७ गते (31 January 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No. 1244/074/075
URS is a member of registrar of standards (holdings) Ltd.
ISO 9001:2015 Certified
**आरोही एच.आर. सोलुसन्स् प्रा.लि.**
Kathmandu Metropolitan- 3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com info@aarohihrsolutions.com
01- 4961807, 4962925 9802067941, 9801081902

**मलेसियामा रोजगार**
कम्पनीः FIZLESTARI PLASTIC SDN. BHD.
शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०१/०६ | चलानी नं.: ६०१७८११२ | LT. No.: 261804 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Factory Worker (Manufacturing Sec.) | 265 | 0 | स. काममा दक्ष | 1200 | ३६,२६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १७ गते (31 January 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Gov. Lic No. 1234/074/075
**TILICHO OVERSEASE PVT. LTD.**
Omnagar Sinamangal -9, Kathmandu, Tel :01 -4111014/9802800273/9861700427/9860979793
Email : tilichooverseas@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com

१० माघ २०७९, मंगलबार
24 January 2023, Tuesday

## सम्पादकीय

# राष्ट्रपति पदको गरिमा

आमनिर्वाचनको परिणामअनुसार संघसहित सातै प्रदेश सरकार गठन भएको छ । तर सबै सरकारले पूर्णता पाउन बाँकी छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अझै दुई वटा मन्त्रालय आफैसँग राखेका छन् भने मुख्यमन्त्रीहरूले मन्त्रिपरिषद्लाई पूर्णता दिन सकेका छैनन् । यसको मुख्य कारण भनेको राजनीतिक सहमति जुट्न नसक्नु हो । सत्तारूढ दलहरूलाई मनाउन नसक्दा प्रधानमन्त्री र मुख्यमन्त्रीहरूले मन्त्रिपरिषद्लाई पूर्णता दिन नसकेका हुन् । तर राष्ट्रिय राजनीतिको चासो भने यतातर्फ देखिदैन । सरकारले पूर्णता पाउन नसक्दा सेवा प्रवाहमा आउने समस्यातर्फ ध्यान नपुग्ने परिस्थिति चाहिँ आवधिक निर्वाचनपछि परिवर्तन हुने राष्ट्रपति पदको चुनावका कारणले निर्माण भएको हो । अहिले राजनीतिक वृत्तमा प्रमुख चासो नै राष्ट्रपति पदमा देखिएको छ ।

राष्ट्रपति पदको आकांक्षाकै कारणले प्रतिनिधिसभाको प्रमुख दल नेपाली कांग्रेसको राजनीतिक भूमिकामाथि नै प्रश्न उठेको छ । प्रधानमन्त्र प्रचण्डलाई विश्वासको मत दिएपछि कांग्रेस प्रमुख विपक्षी दल नरहेको दावी सहित सभामुख देवराज घिमिरे समक्ष नेपाल मजदुर किसान पार्टी (नेकपा) ले निवेदन नै दिएको छ । कांग्रेसले विश्वासको मत दिएकै कारण संवैधानिक व्यवस्थामाथि प्रश्न समेत उठेको छ । किनकि संविधानले प्रमुख विपक्षी दलको कल्पना राज्यकै निकायका रूपमा व्यवस्था गरेको छ । तर प्रधानमन्त्रीमा विश्वासको मत दिने दल विपक्षी नहुने कानूनी व्यवस्था देखाउँदै नेमकिपाले कानून पक्ष उठाएको छ । भूमिकामाथि नै प्रश्न उठ्नेगरी कांग्रेसले प्रधानमन्त्रीलाई विश्वासको मत दिनुको पछाडि भने राष्ट्रपति पदकै आकांक्षा देखिन्छ । त्यसैका कारण कांग्रेसले राष्ट्रिय सहमति र संविधान रक्षाको एजेण्डा उठाएको छ ।

संविधानले भने प्रतिनिधिसभाको बहुमतले राष्ट्रपति चयन हुने र उक्त पद मुलुककै सर्वोच्च संस्था हुने व्यवस्था गरेको छ । यो सरकार बनाइरहँदा राष्ट्रपति पदमा नेकपा एमालेबाट उम्मेद्वार हुने सहमतिमै माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड प्रधानमन्त्री बनेका थिए । अहिले कांग्रेसले विश्वासको मत दिएपछि प्रधानमन्त्री प्रचण्डले एमालेसँग भएको सहमतिबाट धर्मराउन पुगेको आशंका गरिन थालेको छ । एमालेले भने सहमतिअनुसार राष्ट्रपति पद आफैले पाउनुपर्ने अडान लिइरहेको छ । यी घटनाक्रम र निर्णयले संवैधानिक पद भएपनि राष्ट्रपतिमा दलहरूको ठूलो चासो देखिएको छ । आंलकारिक पद पाउनकै निम्ति दलहरूले गरेको यो मरिहत्तेको कारण भने राष्ट्रपतिले विगतमा देखाएको भूमिका हो । कार्यकारीको निर्णय अनुमोदन वा अस्वीकृतिमा राष्ट्रपतिले आफू निर्वाचित भएको दलप्रति झुकाव राखेकै कारणले अहिले दलहरूले उक्त पद जसरी पनि लिन चाहेको देखिन्छ । तर यसको असर भने सिंगो व्यवस्थामै पर्ने खतरा छ । किनकि मुलुकको सर्वोच्च र संवैधानिक पदलाई दलहरूले आफू अनुकुल प्रयोग गर्ने सोंच्नु नै गलत हो । राष्ट्रपतिले यो पदको गरिमा जोगाउने गर्नु दायित्व हो । त्यसैले अब आउने राष्ट्रपति र उक्त पद पाउन जोडबल गरिरहेका दलहरूले यसतर्फ बुझ्न जरूरी छ ।

# पश्चिमा शक्ति र आर्थिक मन्दी

*वर्तमान मुद्रास्फीतिका लागि केवल युक्रेन युद्धलाई नै जिम्मेवार ठहऱ्याउनु भ्रामक हुन जान्छ । तेलको मूल्यमा वृद्धिका लागि पनि आफैमा युद्ध होइन, बरू पश्चिमा देशहरुद्वारा लगाइएको रुसमाथिको प्रतिबन्ध नै जिम्मेवार देखिन्छ ।*

**अग्रलेख**



● लोकनारायण सुबेदी

